बैठक संख्याः ७७

आज मिति २०८२ चैत्र २४ गते मंगलबारका दिन बिर्तामोड नगरपालिकाको कार्यपालिका बैठक नगर प्रमुख श्री पवित्रादेबी महतारा प्रसाईज्यूको अध्यक्षतामा निम्न वडा अध्यक्ष तथा कार्यपालिका सदस्यहरुको उपस्थितिमा बसी निम्न विषयमा छलफल गरियो ।

**उपस्थिती**

| सि.न. | पद | नाम,थर | हस्ताक्षर |
|---|---|---|---|
| १) | नगर प्रमुख | श्री पवित्रादेवी महतारा प्रसाई | |
| २) | नगर उप–प्रमुख | श्री नगेन्द्र प्रसाद संग्रौला | |
| ३) | १ नं. वडा अध्यक्ष | श्री अग्नी प्रसाद पाण्डे | |
| ४) | २ नं.वडा अध्यक्ष | श्री किशोर कुमार पौडेल | |
| ५) | ३ नं. वडा अध्यक्ष | श्री मदन बुढाथोकी | |
| ६) | ४ नं.वडा अध्यक्ष | श्री राहुल कुमार शर्मा | |
| ७) | ५ नं वडा अध्यक्ष | श्री रोहित प्रसाईं | |
| ८) | ६ नं.वडा अध्यक्ष | श्री सुर्य प्रसाद कन्दङ्गवा | |
| ९) | ७ नं.वडा अध्यक्ष | श्री कृष्ण प्रसाद खरेल | |
| १०) | ८ नं.वडा अध्यक्ष | श्री अजय कार्की | |
| ११) | ९ नं.वडा अध्यक्ष | श्री हरि प्रसाद चौलागाई | |
| १२) | १० नं.वडा अध्यक्ष | श्री दुर्योधन गुरुङ | |
| १३) | कार्यपालिका सदस्य | श्री यमुना देवी आचार्य | |
| १४) | कार्यपालिका सदस्य | श्री तिला गौतम | |
| १५) | कार्यपालिका सदस्य | श्री निर्मला देवी सुनार | |
| १६) | कार्यपालिका सदस्य | श्री लक्षिमा खतिवडा | |
| १७) | कार्यपालिका सदस्य | श्री संगिता सिवा | |
| १८) | कार्यपालिका सदस्य | श्री जगतबन्धु राजबंशी | |
| १९) | कार्यपालिका सदस्य | श्री सिता ढुङ्गाना बि.क. | |
| २०) | कार्यपालिका सदस्य | श्री शर्मिला राजवंशी | |
| २१) | सदस्य सचिव (प्र.प.अ.) | श्री सागर मिश्र | |

**निर्णय नं.१-** यस भन्दा अघि भएको कार्यपालिका बैठकका निर्णयहरुको कार्यान्वयन प्रगति सन्तोषजनक रहेको समिक्षा गरियो ।

**निर्णय नं.२-** यस नगरपालिका भित्रका देहाय बमोजिमका योजनाहरु प्रदेश योजना आयोग र राष्ट्रिय योजना आयोग अन्तर्गत योजना बैंकमा राख्न योजना छनौट गरी पठाउने निर्णय गरियो ।

**देहाय**

| क्र.सं. | योजनाको नाम | वडा नं | कैफियत |
|---|---|---|---|
| १. | सुर्यनगरबाट कालिमन्दिर हुदैं श्रीजंगा सडक नाला सहित पेवर्स जडान | १० | |
| २. | अदुवाखोला करिडोर निरन्तरता | ४ | |
| ३. | बुधबारे हटियाको खाली जग्गामा पार्क निर्माण | ५ | |
| ४. | गरामनी बजारबाट शहिद नेत्रपार्क सम्म जाने सडक निर्माण | ७ | |
| ५. | शहिद नेत्रपार्क जाने देउनिया खोलामा पुल निर्माण | ७ | |
| ६. | बिर्ताबजार गोकुलजोसी मार्ग अदुवा खोलामा पक्कीपुल निर्माण | ३ | |
| ७. | रामचोक- कुमालबाडी हुदैं चैतुवारी जोड्ने सडक स्तरोन्नती | २ | |
| ८. | गोकुलजोसी मार्गबाट दक्षिण चक्र विमलीको घर हुदैं वडा नं १० जोड्ने बाटोमा पेवर्स जडान | १० | |
| ९. | दुर्गा मा.वि. पश्चिम हुदैं चन्द्र मार्ग जोड्ने सडक कालोपत्रे | ९ | |
| १०. | राजवंशी स्नान घर भवन | ३ | |
| ११. | गरामनीबाट भुसावाडी हुदैं मियावारी जाने सडक स्तरोन्नती | ७ | |
| १२. | रेखाखोला, देउनिया खोला, अदुवा खोला र हर्चना खोला तटबन्धन | ६, ७, ८ र ९ | |
| १३. | बेलगाछि मन्दिर दक्षिण पुष्प तिम्सिनाको घर दक्षिण पूर्व देउनिया खोला जोड्ने पैनिमा कल्बर्ट सहित कालोपत्रे | ६ | |
| १४. | हुलाकी मार्ग गोपि प्रसाईको घरबाट दक्षिण पूर्व हुदैं पवित्रा ढुंगानाको घर छेउ सम्म पुग्ने सडक कालोपत्रे | ६ | |
| १५. | वडा नं ६ को देउनिया खोलाको पूर्व पश्चिम तटबन्धन | ६ | |
| १६. | देउनिया खोला पश्चिम दक्षिण जाने बाटो मसले टोल विकास हुदैं ७ नं जोड्ने सडक कालोपत्रे | ६ | |

सागर मिश्र
प्रमुख प्रशासकीय अधिकृत

पवित्रा ... प्रसाई

| | | | |
|---|---|---|---|
| १७. | गोकुल जोशी मार्ग छेउ दक्षिण कचुबारी फुलबारी टोल विकासको मुल १ कि.मि. सडक प्लम सहित पेवर्स जडान | ३ | |
| १८. | देवि पञ्चकन्याबाट उत्तर हुदैं इन्दिरा भट्टराईको घर उत्तरबाट पश्चिम जाने सडकमा पेवर्स जडान | १ | |
| १९. | खिलोसरि मार्ग र खादोसरी मार्गबाट चारपाने चोक उत्तर जाने सडक पेवर्स जडान | २ | |
| २०. | भुतेनी खोला महेन्द्र ज्योति मा.वि. स्कुल पूर्व दक्षिण फुटबल ग्राउण्ड हुदैं जाने सडक स्तरोन्नती | १० | |
| २१. | गोमेन्द्र स्कुलबाट ड्राइभिङ सेन्टर पछाडि हुदैं बिर्ताबजार यातायात जोड्ने सडकमा जोडिने सडकमा पेवर्स जडान | ३ | |
| २२. | स्मार्ट टोल विकास रोड नं १ मा नाला सहित पेवर्स जडान | २ | |
| २३. | भरत विश्रान्तीको भौतिक पूर्वाधार निर्माण | ३ | |
| २४. | महेन्द्र रत्न मा.वि. घेराबारा | ३ | |
| २५. | पग्लिभट्टिबाट शंकरबाडि हुदैं हर्चना जोड्ने सडक कालोपत्रे | ८ | |
| २६. | हर्चनाबाट किरण तिम्सिनाको घर हुदैं मेथिबारी हल्दिबारी सिमाना जोड्ने सडक कालोपत्रे | ८ | |
| २७ | लोकु चापागाईको घर पश्चिम अर्जुनधारा जोड्ने पुल निर्माण | १ | |
| २८ | गरामनी बजार दक्षिण नारायण प्रसाद पौडेलको घर हुदैं हल्दिबारी जाने सडक कालोपत्रे | ९ | |
| २९ | पुरानो यातायातबाट शर्मिला अधिकारीको घर अगाडी हुदैं जाने सडक कालोपत्रे | ३ | |
| ३० | सैनिक बजारमा ढल नाला निर्माण | १० | |
| ३१ | क्षितिज नाट्य समूह राष्ट्रिय नाट्य महोत्सव कार्यक्रम सञ्चालन | १ | |

**निर्णय नं.३** –वि.न.पा. भित्रका विभिन्न वडामा सञ्चालित विद्यालयहरुको मागको आधारमा भौतिक पूर्वाधार, आवश्यक जनशक्ति तथा न्युनतम तोकिएको मापदण्डको आधारमा देहायका विद्यालय लाई शैक्षिक सत्र २०८३ देखि कक्षा थप र विषय थप गर्ने निर्णय गरियो।

**देहाय**

| क्र.सं. | विद्यालयको नाम र ठेगाना | अनुमति प्राप्त कक्षा | माग गरिएको बिषय | थप गरेको कक्षा | कैफियत |
|---|---|---|---|---|---|
| १ | सुनगाभा इङ्लिस बोर्डिङ स्कुल वि.न.पा. ५ | १-८ | कक्षा थप | कक्षा ९ थप | कक्षा थप अनुमति |

| | | | | | |
|---|---|---|---|---|---|
| २ | साहारा साकोस शिक्षा सदन बि.न.पा. २ | १-८ | कक्षा थप | कक्षा ९ थप | कक्षा थप अनुमति |
| ३ | शिक्षा सिकोप निकेतन वि.न.पा. २ | १-२ | कक्षा थप | कक्षा ३ थप | कक्षा थप अनुमति |
| ४ | विष्णु भगवती इङ्लिस बोर्डिङ स्कुल बि.न.पा. १० | १-९ | कक्षा थप | कक्षा १० थप | कक्षा थप अनुमति |
| ५ | सिदार्थ शिक्षा सदन अंग्रेजी स्कुल बि.न.पा. १० | १-९ | कक्षा थप | कक्षा १० थप | कक्षा थप अनुमति |
| ६ | मदरसा तालिमूल कुरान बि.न.पा. ३ | १-६ | कक्षा थप | कक्षा ७ थप | कक्षा थप अनुमति |
| ७ | विर्ता एजुकेशन फाउण्डेसन बि.न.पा. १ | १-४ | कक्षा थप | कक्षा ५ थप | कक्षा थप अनुमति |
| ८ | कञ्चनजंघा मा.वि. बि.न.पा. ५ | १-१२ | विषय थप | कक्षा ११र १२ थप | होटल मेनेजमेन्ट विषय थप |
| ९ | क्रिएटिभ आइडियल्स बि.न.पा. १ | १-८ | कक्षा थप | कक्षा ९ थप | कक्षा थप अनुमति |

**निर्णय नं.४-** बिर्तामोड नगर अस्पताल सञ्चालन तथा व्यवस्थापन समितिको मिति २०८२।०९।०७ र मिति २०८२।१२।१९ गतेको बैठकका निर्णयहरु अनुमोदन गर्ने निर्णय गरियो।

**निर्णय नं.५-** बिर्तामोड नगरपालिका वडा नं १० बस्ने मिन कुमारी श्रेष्ठको हेड इन्जुरी भई बि एण्ड सी मेडिकल कलेज बिर्तामोड झापामा उपचार गराई रहेको र निजको आर्थिक अवस्था ज्यादै कमजोर भएको हुदाँ निजलाई उपचार खर्च बापत रु ४०,०००।– (अक्षेरुपि रु चालिस हजार मात्र) उपलब्ध गराउने र वडा नं ३ बस्ने कमला महतोको छोरा वर्ष १६ को आर्यन कुमार महत्तो विगत केहि वर्ष अगाडि देखि प्लाष्टिक एनोमिया भई नयाँ दिल्ली भारतमा उपचार गराई रहनु भएको र निजको आर्थिक अवस्था ज्यादै कमजोर भएकाले निजलाई उपचार खर्च बापत रु. ३०,०००।– (अक्षेरुपि रु तीस हजार मात्र) उपलब्ध गराउने निर्णय गरियो।

**निर्णय नं.६-** राजवंशी समुदायको महान "सिरुवा" पर्व र मेचे समुदायको महान पर्व बैशागु बथुर हरेक वर्ष बैशाख ३ गते मनाउनका लागि राजवंशी समाज विकास समिति र मेचे समुदायबाट रकम माग भए बमोजिम उक्त पर्व मनाउनका लागि धार्मिक तथा सांस्कृतिक सहायता शिर्षकबाट राजवंशी समुदायलाई रु ७०,०००।– (अक्षेरुपि रु सत्तरी हजार मात्र) र मेचे समुदायलाई रु ८०,०००।–(अक्षेरुपि रु असि हजार मात्र) र नेपाल तेक्वान्दो संघ जिल्ला कार्यसमिति, झापाले प्रथम झापा राष्ट्रिय तेक्वान्दो प्रतियोगिता २०८३ सञ्चालन गर्नका लागि रकम माग भएको

हुदाँ सो प्रतियोगिता सञ्चालन गर्नका लागि अन्य संस्था सहायता शिर्षकबाट रु ५०,०००।– (अक्षरेपि रु पचास हजार मात्र) उपलब्ध गराउने निर्णय गरियो।

**निर्णय नं.७-** बहुभाषिक साहित्य संगीतकला केन्द्र भद्रपुर झापाले २०८३ बैशाख ११, १२, र १३ गते कोशी प्रदेश स्तरीय शास्त्रीय तथा बहुभाषिक सांस्कृतिक महोत्सव २०८२ आयोजना गर्नका लागि रकम माग भए बमोजिम उक्त सांस्कृतिक महोत्सव सञ्चालन गर्नका लागि धार्मिक तथा सांस्कृतिक सहायता शिर्षकबाट रु ५०,०००।–(अक्षरेपी रु पचास हजार मात्र) उपलब्ध गराउने निर्णय गरियो।

**निर्णय नं.८ –**नेपाल गुणस्तर चिह्न प्राप्त पेवर्स प्रयोग गर्ने सम्बन्धमा देहाय बमोजिम गर्ने,

क) बिर्तामोड नगरपालिका क्षेत्रभित्र ठेक्का मार्फत निर्माण हुने सम्पूर्ण योजनाहरु,

ख) वडा नं ३, ४ र ५ को सबै र वडा न १, २ र ६ को राष्ट्रिय राजमार्गबाट ५०० मिटर उत्तर/दक्षिणका बाटाहरुमा उपभोक्ता समितिबाट सञ्चालन हुने योजनाहरु र १६ फिट भन्दा माथि चौडाई भएका नगर भित्रका सम्पूर्ण सडकहरु

ग) माथि उल्लखित वडाहरु बाहेक अन्य वडा तथा क्षेत्रहरुमा १६ फिट सम्म चौडाई भएका साना कम ट्राफिक भएका भित्रि सडकहरुमा र विद्यालय तथा पार्कको कम्पाण्ड वाल भित्र ग्राउण्डमा सम्बन्धित वडाको सिफारिस र उपभोक्ता समितिको माग बमोजिम स्थानीय स्तरबाट उत्पादन भएको, नेपाल गुणस्तर चिह्न बाहेकका 40 MPA Strength र 60 MM Thickness भएका अन्य पेवर्स समेत प्रयोग गर्न सकिनेछ। साथै नेपाल गुणस्तर चिह्न बाहेकका पेवर्स प्रयोग गर्दा सम्बन्धित व्यावसायिबाट कम्तिमा पाचँ बर्षको ग्यारेन्टी सुनिश्चितता पत्र समेत पेश गर्नुपर्नेछ।

**निर्णय नं.९ -** वडा नं ४ मा अवस्थित अनारमनी आ.वि. को वाल संरक्षण तटबन्धनको लागि नगर प्रमुखज्यूको निर्णयानुसार विनियोजन भएको रु ७,०००००।– (अक्षरेपि रु सात लाख मात्र) अनुमोदन गर्ने निर्णय गरियो।

**निर्णय नं.१० –** न.पा. भित्रका विभिन्न टोल र व्यक्तिहरुबाट माग भएका योजनाहरु चालु आ.व. मा सञ्चालन गर्न बजेटको अभाव भएको हुदाँ उक्त माग भएका योजनाहरुलाई आगामी आ.व. २०८३/०८४ को बजेटमा प्राथमिकताका साथ समावेश गर्ने निर्णय गरियो।

**निर्णय नं.११ -** वि.न.पा. वडा न ३ मा रहेको कृषि व्यावसायिक भवन यथाशिघ्र सञ्चालन गर्न आवश्यक व्यवस्था मिलाउन सम्बन्धित समिति र कार्यालयलाई निर्देशन दिने निर्णय गरियो। तथा बि.न.पा. वडा न ७ मा रहेको कृषि कोल्ड स्टोर सञ्चालन गर्नको लागि आवश्यक विधुत जडान लगायतका कार्य गर्न रिभल्विङ फण्डबाट रु ३,०००००।– (अक्षरेपि रु तीन लाख मात्र) उपलब्ध गराउने निर्णय गरियो।

**निर्णय नं.१२ –** नगरपालिका भित्रका विभिन्न स्थानमा आएको हावाहुरी र चट्याङले पारेको क्षति सम्बन्धि विभिन्न व्यक्तिहरुबाट रकम माग भए बमोजिम वडा नं ४ बस्ने यज्ञ प्रसाद गुरागाईलाई जस्तापाता खरिदका लागि रु ३०,०००।– (अक्षरेपि रु तीस हजार), वडा नं ३ बस्ने देवी प्रसाद राजवंशीलाई जिर्ण अवस्थामा रहेको घर निर्माणका लागि रु २०,०००।– (अक्षरेपि रु बीस हजार मात्र) र वडा नं ५ बस्ने मनवती राजवंशीलाई जिर्ण घर निर्माणका लागि

रु ३०,०००।– (अक्षेरपि रु तीस हजार मात्र) र वडा नं ३ बस्ने सन्तोष नेपालीलाई घरको छाना निर्माणका लागि रु ३००००।– (अक्षेरपी रु तीस हजार) मात्र उपलब्ध गराउने निर्णय गरियो।

**निर्णय नं.१३–** वि.न.पा. वडा नं ५ बस्ने रक्षित शर्मा दुलाल मेचि बहुमुखि क्याम्पसमा विज्ञान तथा प्रविधि अध्ययन संस्थान अन्तर्गत वी.एस्सी चौथो वर्षमा अध्ययन गरिरहेको र निजले Project Work का लागि आर्थिक सहयोग माग गरेकोमा निजलाई प्रोत्साहन स्वरुप रु ३०,०००।– (अक्षेरपि रु तीस हजार मात्र) उपलब्ध गराउने निर्णय गरियो।

**निर्णय नं.१४-** "घ" श्रेणीको निर्माण इजाजत स्वीकृतका लागि नियमानुसार प्रकृया पुगी आएका देहायका फर्मलाई निर्माण सम्बन्धी कार्य गर्न इजाजत स्वीकृत दिने निर्णय गरियो।

देहाय

१. वज्रपानी कन्सट्रक्सन्स प्रा.ली. बिर्तामोड ५ झापा।

**निर्णय नं.१५-** हरेक बर्ष बैशाख ३ गते सिरुवा पर्वको बिदा सन्दर्भमा यहि २०८३ बैशाख ३ गते राजवंशी समुदायको सिरुवा पर्व र लोपोन्मुख मेचे समुदायको बैशागु बथर पर्व परेकोले सो दुबै पर्वको उपलक्ष्यमा उक्त १ दिन स्थानीय सार्वजनिक बिदा दिने निर्णय गरियो।

**निर्णय नं.१६-** बिर्तामोड नगरपालिकालाई पूर्ण खोप सुनिश्चितता तथा दिगोपना कायम गर्नका लागि बिर्तामोड नगरपालिकाको १० वटै वडामा ० देखि ५९ महिनासम्मका बालबालिकाहरुको खोप सम्बन्धि घरधुरी सर्वेक्षण गरि १५ महिनासम्म पुरा गर्नुपर्ने खोपको तथ्याङ्क संकलन गरि हालसम्म कुनै पनि खोप नलिएका (शुन्य डोज) ३ जना र आंशिक खोप समेत लगाउने कार्य भएको साथै बिर्तामोड नगरपालिकाका १० वटै वडाहरुबाट र नगर खोप समन्वय समितिबाट पूर्ण खोप सुनिश्चितता तथा दिगोपनाका लागि सिफारिस भई आएको हुदाँ यस बिर्तामोड नगरपालिकालाई पूर्णखोप सुनिश्चितता तथा दिगोपना कायम गर्ने निर्णय गरियो।

**निर्णय नं.१७ -** विभिन्न टोलबाट सडक बत्ति तथा सिसिटिभि जडानको लागि माग भई आएको सन्दर्भमा चा.लु. आ.व. को स्वीकृत परिधिभित्र रहि पहिलो आउनेलाई पहिलो प्राथमिकता सहित योजना सञ्चालन गर्ने र देहाय बमोजिमका योजनाको उपभोक्ताहरुबाट २० प्रतिशत लागत साझेदारी गरी उपभोक्ता समितिबाट कार्यान्वयन गर्ने निर्णय गरियो।

**देहाय स्वीकृत बजेट अन्तर्गत उज्यालो नगर कार्यक्रम टोल विकास संस्थाको सहकार्यमा गरिने सडक बत्ती सम्बन्धि योजनाहरु**

| क्र.स. | टोलको नाम | वडा | माग संङ्ख्या (थान) | अनुमानित लागत रकम |
|---|---|---|---|---|
| १. | समृद्ध विकास संस्था | २ | ५४ | ३ लाख |
| २. | सुगम शान्ती टोल विकास संस्था | ६ | ५० | ४ लाख |
| ३. | उज्यालो एकता टोल विकास संस्था | ४ | २४ | १ लाख ८० हजार |
| ४. | कन्चनजंघा टोल विकास | ५ | ३० | १ लाख १० हजार |

सागर [illegible]
प्रमुख प्रशासकीय अधिकृत

पवित्रादेवी भट्टराई पराजुली
नगर प्रमुख

| | | | | |
|---|---|---|---|---|
| ५. | पारिजात टोल विकास संस्था | १ | - | १ लाख |
| ६. | नारायण टोल विकास संस्था | १ | - | १ लाख पचास हजार |
| ७. | गैरीगाउँ टोल विकास संस्था | १ | - | १ लाख |
| ८. | गौरी टोल विकास संस्था | १ | - | १ लाख |
| ९. | विभिन्न टोल विकास संस्था | १० | - | १ लाख ४० हजार |
| १०. | गजुरमुखी टोल विकास संस्था | ४ | - | १ लाख |
| ११. | आनन्दगज टोल विकास संस्था | ४ | ५० | १ लाख |
| १२. | कालीमन्दिर टोल विकास संस्था | १ | ८० | १ लाख |
| १३. | विराटपोखर टोल विकास संस्था | १० | ६० | ३ लाख ९५ हजार |

**देहाय स्वीकृत बजेट अन्तर्गत नगरका विभिन्न क्षेत्रमा सि.सि. क्यामेरा जडान**

| क्र.स. | टोलको नाम | वडा | माग संङ्ख्या (थान) | अनुमानित लागत रकम |
|---|---|---|---|---|
| १. | सैनिक बजार क्षेत्र | १० | | ५ लाख |
| २. | विराट पोखर टोल | १० | | ३ लाख ५० हजार |
| ३ | पञ्चकन्या टोल | १ | | ३ लाख |

**निर्णय नं.१८**- बिर्तामोड नगरपालिकाको क्षेत्रभित्र सञ्चालन भएको दुई चक्के र चार चक्के सवारीको मर्मत सम्बन्धी सेवा दिने फर्म कम्पनीहरु बिर्तामोड नगरपालिका वडा नं ६ मा सञ्चालन गर्न पाउने नीतिगत व्यवस्थाले विगत देखि अन्य वडामा सञ्चालन भएका व्यावसायको नविकरण रोकिएको हुदाँ उक्त पुराना सञ्चालित (नयाँदेखि बाहेक) मर्मत सेवा सम्बन्धी फर्महरुलाई तत् स्थानमा रहने गरि फर्म नविकरण गर्ने निर्णय गरियो ।

**निर्णय नं.१९**- विराट भरत विश्रान्ति बिर्तामोड ३ झापालाई आ.व. २०८२/०८३ को बजेटमा विनियोजन रु ९,०००००।– (अक्षेरुपि रु नौ लाख) को प्राविधिक लागत इस्टिमेट तयार भई आम भेला समेत भई सकेको र उक्त संस्थामा घरहरु नभएको र सुकुम्बासी बस्ती भएको हुदाँ नगरपालिकाको नियमानुसार २० प्रतिशत लागत सहभागिता जम्मा गर्न कठिनाई भएको भनि माग भए बमोजिम एक पटकका लागि ९.२७ प्रतिशत रकम जन सहभागिता बापत जम्मा गरी उपभोक्ता समिति मार्फत् सम्झौता गरि कार्य अघि बढाउने निर्णय गरियो ।

**निर्णय नं. २०**- आगामी नगर सभाबाट अनुमोदन हुने गरी स्वीकृत बजेट रिभल्विङ फण्डबाट देहायका अधुरा योजनाहरु सम्पन्न गर्न बजेट बिनियोजन गर्ने निर्णय गरियो ।

१. भिम उप्रेतीको घर दक्षिण दिपक पाण्डेको घर हुदै डोमालाल राजवंशी रंगशाला जाने सडक स्तरोन्नति रु २५००००।– अक्षेरेपी दुई लाख पचास हजार ।
२. पंचकन्या उन्नति टोलको अधुरो बाटोमा पेवर्स जडान रु १८५०००।– अक्षेरेपी एक लाख पचासी हजार ।
३. रजनीध्वज मार्ग प्लम निर्माण वडा नं ७ मा रु. ५०००००।– अक्षेरेपी पाँच लाख ।

प्रमुख प्रशासकीय अधिकृत

पवित्रादेवी भट्टराई पराजुली
नगर प्रमुख